**आ.व. ०८०/८१ को चौथो बैठक**

आज मिति २०८० साल आश्विन ०९ गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | जसोदा |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८८५६७४००९ | |

**अन्य**

लेखा सहायक श्री शम्भु श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री कैलाश लिम्बु

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।
२. बेरुजु फछ्यौंट सम्बन्धमा।
३. सनलाइट युनाइटेड क्लबलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।
४. प्रहरी चौकीले मनाउने मौलो पुजा सम्बन्धमा।
५. गोरेटो बाटो निर्माण गरेको रकम भुक्तानी सम्बन्धमा।
६. रकम विनियोजन गर्ने सम्बन्धमा।
७. भलिबल खेलाडीलाई रकम भुक्तानी गर्ने सम्बन्धमा।
८. विद्यालयहरुको शैक्षिक उन्नयनको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।
९. बाढी पहिरोको कारण सडक पाखाहरुमा अति आवश्यक ठाउँहरुमा तारजाली लगाउन विपद् व्यवस्थापन कोषबाट खरिद गर्ने सम्बन्धमा।
१०. आयोजना फरफारक गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री जनार्दन निरौलाबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा आ.व. ०७९/०८० को अन्तिम लेखा परीक्षण गर्दा तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको कामसँग सम्बन्धित बेरुजु देखिएको, सो असुलउपर गर्नको लागि यस कार्यालयबाट मितिः २०८०/०६/०४ गते र ०७ गते पत्रचार गरिएकोमा हालसम्म पनि बेरुजु दाखिला नगरेकाले, निजहरुको यस कार्यालयमा जम्मा रहेको धरौटी रकमबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ६५(२) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तीबाट कुनै सरकारी बाँकी रकम असुलउपर गर्नु पर्ने भएमा त्यस्तो रकम निजले पाउने धरौटी रकमबाट कट्टा गर्नु पर्ने भन्ने कानूनी व्यवस्थालाई आधारमानी बेरुजु फछ्यौंट प्रयोजनार्थ तपसिल बमोजिम जफत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | बेरुजुको विवरण | बेरुजु रकम | धरौटी जफत रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं. ५ को वडा कार्यालय भवन | आगेजुङ निर्माण सेवा | रड र ब्याक फिलिङमा बढी भुक्तानी | १३३१९२।- ३३०६७।- | १३३१९२।- ३३०६७।- |
| २ | २ र ५ जोड्ने फावाखोला पक्कीपुल | थेवे एस.एस. जे.भी. | भेरिएसन आदेशमा रड र फर्मवर्कमा बढी भुक्तानी | १८५७२७।- | १८५७२७।- |
| ३ | फाक्से कात्तिके खानेपानी आयोजना | जी.पि.यु. प्रा.लि. | पुर्व निर्धारित क्षतिपुर्ति (४६ दिन) | २७१२००।- | २७१२००।- |

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२ स्थित सनलाइट युनाइटेड युथ क्लबलाई बडा दशै र दिपावलीको अवसरमा खेलकुद कार्यक्रम आयोजना गर्नको लागि खेलकुद शिर्षकबाट रकम रु. ४,००,०००/- (अक्षरेपी चार लाख मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाअन्तर्गतका तपसिल बमोजिमका प्रहरी चौकीहरुलाई दशैंको अवसरमा मौलो पुजा गर्नको लागि प्रति प्रहरी चौकी १५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र।) रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. मेवाखा प्रहरी चौकी, नाङखोल्याङ,
२. थेचम्बु प्रहरी चौकी, थेचम्बु,
३. थुम्वेदिन प्रहरी चौकी, थुम्वेदिन,
४. सुकेटार प्रहरी चौकी,

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा दिप ज्योती आधारभूत विद्यालय जाने बाटो वर्षातको कारणले पूर्णरुपमा बिग्रीएको र विद्यार्थीहरुको आवतजावतमा कठिनाई भएकोले उक्त बाटो डोर हाजिरीमार्फत निर्माण गर्न लगाइएकोमा डोरी हाजिरी अनुसार भुक्तानी दिने साथै यमासेन-तारेभिर-सुनुवार गोलाई-तिरिङ्गे जाने मोटरबाटो निर्माण गर्ने क्रममा तारेभिर खण्डमा साविकको टिम्बुरे टोलमा जाने गोरेटोबाटो बिग्रीएकोले उक्त बाटो निर्माण गर्न डोर हाजिरीको आधारमा भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा आ.व. ०८०/०८१ मा गाउँसभाबाट स्वीकृत ओदिल्ले मोटरबाटो निर्माण आयोजनाको लागि रकम रु. ५,००,०००।-(अक्षरेपी पाँच लाख मात्र।) विनियोजन भइ उक्त मोटरबाटो वडा नं.-३ को चोखुण्डासम्म विस्तार भएकोमा, सो आयोजना सम्पन्न गर्दाको अपुग रकम रु. ४,४०,०००।-(चार लाख चालिस हजार मात्र।) रकम मर्मत संभारकोषबाट भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा फुङलिङ नगरपालिका वडा नं.-८ दोखुले आयोजना गरेको प्रथम अध्यक्ष कप पुरुष भलिबल प्रतियोगितामा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.६, थुम्बेदिन र वडा नं.-३, तिरिङ्गे सहभागी भई क्रमशः प्रथम र द्वितीय स्थान हासिल गरेकोमा, सहभागी हुँदाको बखत लागेको खानाबास खर्च वापतको रकम जनही रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र।) भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा विद्यालयहरुको शैक्षिक उन्नयनको लागि तपसिल बमोजिमको विद्यालयहरुलाई प्रति विद्यालय रकम रु. २,००,०००।- (अक्षरेपी दुई लाख मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. जनता आधारभूत विद्यालय, थुम्वेदिन,

२. सिद्धेश्वरी मा.वि., डुम्रिसे,

३. सिद्ध कुमारी आ.वि, तिरिङ्गे,

४. महाकाली आ.वि., थेचम्बु ।

**निर्णय नं.-९**

प्रस्ताव नं.-९ माथी छलफल गर्दा गाउँपालिकामा विपद् व्यवस्थापन गर्ने विभिन्न वडाहरुलाई तार, जाली र पाईप खरिद गरिएको रकम मर्मतसंभार कोष र प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१०**

प्रस्ताव नं.-१० माथी छलफल गर्दा यस गाउँपालिकाबाट आ.व. ०७९/०८० मा गाउँसभाबाट स्वीकृत बजेट तथा योजना कार्यपालिकाबाट निर्णय तथा संशोधन भएका योजना, वडा समितिबाट निर्णय भएका, अध्यक्ष तथा उपाध्यक्षको निर्देशन तथा वडा जनप्रतिनिधि र कर्मचारीहरुको सहजीकरण र समन्वयबाट सञ्चालित तपसिलबमोजिमका आयोजनाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-८४ को उपदफा २ (ङ) मा आयोजना फरफारकको लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री जनार्दन निरौलाले पेश गर्नु भएको तपसिल बमोजिमको आयोजनाहरु फरफारक गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**